# दक्षिण र दक्षिणपूर्वी एसियामा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्ने सम्बन्धी न्यायाधीशहरूका लागि बैंकक सामान्य मार्गदर्शन

मे २०२२

International
Commission
of Jurists

इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसीजे)

**विश्वका सबै क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी ६० जना ख्यातिप्राप्त न्यायाधीश र वकिलहरु सम्मिलित इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसीजे) ले आफ्नो विशिष्ट कानूनी दक्षताको प्रयोग गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय न्याय प्रणालीको विकास र प्रवर्द्धन गर्दै कानूनको शासनको माध्यमबाट मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दछ । सन् १९५२ मा स्थापित भई पाँचवटा महादेशहरुमा सक्रिय रुपमा कार्यरत आईसीजेको उद्देश्य अन्तर्राष्ट्रिय मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको क्रमिक विकास र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु, नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुलाई आत्मसात गराउनु, शक्तिपृथकीकरणको सिद्धान्तको संरक्षण गर्नु र न्यायपालिका तथा कानूनव्यवसायको स्वतन्त्रताको प्रत्याभुति दिलाउनु हो ।**

**© दक्षिण र दक्षिणपूर्वी एसियामा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्ने सम्बन्धी न्यायाधीशहरूका लागि बैंकक सामान्य मार्गदर्शन**

© इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसीजे)

प्रथम संस्करण: २०७९ (२०२२)

इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसीजे) ले आफ्नो प्रकाशनबाट कुनै पनि अंशहरुको प्रकाशन गर्न अनुमति दिन्छ । उक्त अंशको प्रकाशनको लागि आईसीजेको नाम उल्लेख गर्नु पर्छ र उक्त अंश समावेश गरिएको प्रकाशनको एक प्रति आईसीजेको मुख्यालय तल दिईएको ठेगानामा पठाउनु पर्छ ।

icj International Commission of Jurists

**इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसीजे)**
**पो.ब.नं. १७४०**
**रु दे बुइ ३**
**सिएच-१२११ जेनेभा १,**
**स्विटजरल्याण्ड**
T: +41 22 979 3800
F: +41 22 979 3801
E: info@icj.org
www.icj.org

# दक्षिण र दक्षिणपूर्वी एसियामा लैङ्गिक दृष्टिकोण अवलम्वन गर्ने सम्बन्धी न्यायाधीशहरूका लागि बैंकक सामान्य मार्गदर्शन

मई २०२२

International Commission of Jurists

इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स
International Commission of Jurists

## लैङ्गिक दृष्टिकोण लागु गराउनेसम्बन्धी न्यायाधीशहरूका लागि बैंकक सामान्य मार्गदर्शनको विकास

लैङ्गिक दृष्टिकोण लागु गराउनेसम्बन्धी न्यायाधीशहरूका लागि बैंकक सामान्य मार्गदर्शनले न्याय प्रशासनमा लैङ्गिक दृष्टिकोणको आवश्यकता सम्बन्धी महत्वपूर्ण सिद्धान्तहरु अगाडि सारेको छ। यस मार्गदर्शनको पहिलो संस्करण सन् २०१६ को जुन २४ देखि २५ मा थाईल्याण्डको राजधानी बैंककमा सम्पन्न भएको कार्यशालामा सहभागी फिलिपिन्स, थाईल्याण्ड, पूर्वी टिमोर र इन्डोनेसियाका न्यायाधीशहरूबाट छलफल भई अनुमोदन भएको थियो । कार्यशालाको आतिथ्यता इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आईसिजे) र युएन वुमनले गरेका थिए । कार्यशालामा सहभागी चार वटा दक्षिणपूर्वी एसियाली राष्ट्रका न्यायाधीशहरूले आफू समक्ष आएका मुद्दाहरुको निर्णय गर्दा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्ने सम्बन्धमा न्यायाधीशहरूलाई कसरी सबैभन्दा राम्रोसँग सहयोग पुऱ्याउन सकिन्छ भन्नेबारेमा विस्तृत छलफल गरे। दुई दिने कार्यशालामा भएका विभिन्न सत्रहरूमा सहभागी हुँदै उनीहरूले लैङ्गिक रुढिवाद (लैङ्गिकतासम्बन्धी पूर्वाग्रहपूर्ण नकारात्मक सोच) लाई पहिचान गरी त्यसलाई सम्बोधन गर्ने कार्यमा केन्द्रित रहेका विद्यमान कानुनी व्यवस्था तथा अभ्यास र चुनौतीहरूका विषयमा छलफल गरेका थिए ।

त्यसयता इन्डोनेशियाको सर्वोच्च अदालतले सन् २०१७ मा बैंकक सामान्य मार्गदर्शनलाई सर्वोच्च अदालतको नियम नं ३ मार्फत समावेश गरी आफ्नो कार्यसम्पादनमा प्रयोग गरिसकेको अवस्था छ ।

यसको शुरुवात भएको पाँच वर्ष बित्दैगर्दा आईसिजेले सन् २०१६ को संस्करणलाई दक्षिण एसिया क्षेत्रमा पनि प्रयोग हुन सक्ने हिसावले अद्यावधिक गरेको छ । यसको निमित्त सन् २०२१ मा आईसिजेले यसलाई अद्यावधिक गर्नको लागि एउटा मस्यौदा समिति गठन गरी मस्यौदा तयारीको काम शुरु गऱ्यो र अन्य छ दक्षिण एसियाली देशका न्यायाधिशहरु रहेको कार्य समूहलाई सो मस्यौदा माथी छलफल गरी सुझाव दिनको लागि आमन्त्रण गरियो। यो अद्यावधिक मस्यौदालाई बंगलादेश, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका न्यायाधीशहरुको सहभागीता रहेको सन् २०२२ को मई २७ र २८ मा माल्दिभ्समा सम्पन्न क्षेत्रीय न्यायिक सम्वादमा यसबारे छलफल भई यसको अनावरण पनि गरियो ।

२०२२ बैंकक सामान्य मार्गदर्शनले समानता र अविभेदका सिद्धान्तमा आधारित रही न्यायाधीशहरूलाई महिलाको निर्वाध रुपमा न्यायमा पहूँच बढाउन आह्वान गरेको छ र यसका लागि लैङ्गिक विभेदपूर्ण अभ्यास/व्यवहारहरूको पहिचान गर्न, त्यसको सम्वोधन गर्न र निराकरण गर्न ध्यानाकर्षण गरेको छ। यसका साथै न्याय प्रणालीका सबै तहका निकाय (औपचारिक वा अनौपचारिक दुवै) लाई लैङ्गिक पूर्वाग्रहपूर्ण सोच र विभेदपूर्ण धारणाहरूले असमानता र भेदभावपूर्ण अवस्थालाई मलजल गर्दछ र कालान्तरमा महिलाको न्यायमा पहुँचको अवस्थालाई कमजोर बनाउछ भन्ने सम्बन्धमा सचेत गराएको छ ।

लैङ्गिक समानताको निम्ति अदालतहरूले अझ बढी लैङ्गिक रुपमा संवेदनशील र लैङ्गिक रुपमा उत्तरदायी बन्न अवलम्बन गर्नुपर्ने संस्थागत नीतिहरूसम्बन्धी सिफारिसहरू पनि २०२२ बैंकक सामान्य मागदर्शनमा उल्लेख गरिएका छन् ।

## दक्षिण र दक्षिणपूर्वी एसियामा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्ने सम्बन्धी न्यायाधीशहरूका लागि बैंकक सामान्य मार्गदर्शन

मािल्दभ्स, मई २०२२

### प्रस्तावना

सबै मानवजाति जन्मजात स्वतन्त्र हुन्छन् र सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ भन्ने कुरा मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा स्थापित गरिएकोले;

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसीसीपीआर) ले सबै व्यक्ति कानुनको अगाडि समान हुने र विना भेदभाव कानुनको समान संरक्षण पाउने; र कानुनले भेदभावलाई प्रतिबन्धित गर्दै सबै व्यक्तिलाई लिङ्ग वा लैङ्गिकता लगायत कुनै पनि आधारमा हुने भेदभाव विरुद्ध समान र प्रभावकारी संरक्षण प्रत्याभूत गर्नुपर्छ भन्ने कुरा पुष्टि गरेकाले;

महिला विरुद्ध हुने हिंसा उन्मूलनसम्बन्धी घोषणापत्रले समानताको हक, कानुनमा समान संरक्षणको हक र सबै प्रकारका भेदभावबाट मुक्त हुने हक लगायत सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको समान उपभोग र संरक्षण पाउनु महिलाको हक भएको स्थापित गरेकाले;

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिड) ले पक्ष राष्ट्रहरूले सक्षम राष्ट्रिय न्यायाधीकरण तथा अन्य सार्वजनिक निकायहरू मार्फत महिलाहरूलाई कुनै पनि प्रकारको भेदभावविरुद्ध प्रभावकारी संरक्षण सुनिश्चित गर्नुपर्छ भन्ने कुरा स्थापित गरेकाले;

महिलाहरूको सशक्तिकरणले स्वतन्त्र र न्यायपूर्ण समाजको निर्माण र विकासमा योगदान पुऱ्याउने भएकाले;

दक्षिण र दक्षिणपूर्वी एसियाका महिलाहरूले आफ्नो देशमा न्याय प्रणाली लगायतमा लिङ्ग र लैङ्गिकताका आधारमा हुने भेदभाव र रुढिवादी (पूर्वाग्रहपूर्ण) व्यवहारका कारण लैङ्गिक समानता हासिल गर्ने कार्यमा अझै पनि धेरै प्रकारका व्यवधानहरूको सामना गर्नु परिरहेकाले;

कानुनको अगाडि समान व्यवहार, विना भेदभाव कानुनको समान संरक्षण प्राप्त गर्ने र न्यायमा समान पहुँच प्राप्त गर्नु हरेक व्यक्तिको हक भएकाले;

ल एसिया (LAWASIA) क्षेत्रमा न्यायपालिकाको स्वतन्त्रता सम्बन्धी बेइजिङ्ग सिद्धान्तहरूको घोषणापत्रले न्यायाधीशहरूको नियुक्तिमा वर्ण, जाति, लैङ्गिकता, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, वैवाहिक स्थिति, यौन झुकाव, सम्पत्ति, जन्म वा हैसियतको आधारमा भेदभाव हुनुहुँदैन भन्ने कुरामा जोड दिएकाले;

महिलाहरूको न्यायमा पहुँच भएको सुनिश्चित गर्नुपर्ने र महिलाहरू न्याय प्रणालीभित्र भेदभावबाट मुक्त रहेको सुनिश्चित गर्नुपर्ने राज्यहरूको दायित्वलाई मान्यता प्रदान गर्ने सिड (CEDAW) समितिको सामान्य सिफारिस नं. ३३ लाई स्मरण गर्दै;

सबै मानवजातिका लागि मानवअधिकार पूर्ण र अविभेदकारी रुपमा साकार बनाउन र लैङ्गिक समानतालाई व्यवहारमा हासिल गर्नको लागि लैङ्गिक रुपमा संवेदनशील न्याय प्रणाली पूर्वसर्त हो भन्ने न्यायाधीश तथा कानुन व्यवसायीहरुको स्वतन्त्रतासम्बन्धी विशेष समाधिक्षकको भनाई स्मरण गर्दै;

लैङ्गिक रुढीवादपूर्ण / पूर्वाग्रहपूर्ण हानीकारक सोचबाट मुक्त भई प्रमाण संकलन गर्ने तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गत मान्यता प्राप्त समानता तथा अविभेदको सिद्धान्तको आधारमा न्याय निरुपण गर्ने सम्बन्धमा न्यायाधीशहरुलाई जानकारी गराउने सम्बन्धमा जारी भएको सन् २०१६ को दक्षिणपूर्वी एसियामा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्ने सम्बन्धी न्यायाधीशहरूका लागि बैंकक सामान्य मार्गदर्शनलाई स्वागत गर्दै;

महिलाहरू न्याय प्रणालीका पीडित वा उपभोक्ता मात्र नभई न्यायाधीश, कानुन व्यवसायी, कानुन कार्यान्वयन गर्ने अधिकारी, अभियोजनकर्ता, सुधार कार्यमा संलग्न पदाधिकारी, मेलमिलापकर्ता र अन्य सरोकारवालाका रुपमा न्याय प्रशासनका महत्वपूर्ण पक्षहरू पनि हुन् भन्ने कुरालाई आत्मसात गर्दै;

महिलाहरूको अधिकार र स्वतन्त्रताको उल्लङ्घनलाई सही ठहर गर्न संस्कृति, प्रथाजनित नियम, धर्म र परम्परागत संस्कारहरू उद्‍धृत गरिनु हुँदैन वा यसलाई उल्लङ्घनको पुष्ट्याइ गर्ने आधार बनाइनु हुँदैन भन्ने कुरामा जोड दिएको तथ्यलाई स्मरण गर्दै;

२०२२ मई २८ र २९ मा माल्दिभ्समा सम्पन्न क्षेत्रीय न्यायिक संवादमा सहभागी हामी दक्षिण एसियाका न्यायाधीशहरू दक्षिण र दक्षिणपूर्वी एसियामा लैङ्गिक दृष्टिकोण अवलम्बनसम्बन्धी न्यायाधीशहरूका लागि यो अद्यावधिक सामान्य मागर्दशन पारित गर्दछौं:

## सामान्य विचारहरू

यस मागर्दशनले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि र अन्य महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई ध्यान राख्दै र कतिपय अवस्थामा ती मान्यताप्राप्त अन्तर्राष्ट्रिय कानुन र मापदण्डहरूमा प्रयोग भएको भाषालाई प्रत्यक्ष रुपमा उद्धृत गर्दै, न्यायाधीश र कानुन व्यवसायीहरूको स्वतन्त्रतासम्बन्धी विशेष समाधिक्षक र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी समिति (सिड समिति) का सिफारिसहरू र २०१६ जुन २४ देखि २५ मा थाइल्याण्डको बैंककमा भएको न्याय निरुपणका सम्बन्धमा अवलम्वन गर्नु पर्ने लैङ्गिक दृष्टिकोण विषयक कार्यशालाका

सहभागीहरूले अभिव्यक्त गरेका तुलनात्मक राष्ट्रिय कानुन तथा मापदण्ड, असल अभ्यास र अनुभवहरूलाई ध्यानमा राखी विस्तृत रुप दिइएको छ । साथै २०२२ मई २८ देखि २९ मा माल्दिभ्समा सम्पन्न भएको क्षेत्रीय न्यायिक संवादमा सहभागी दक्षिण एसियाका न्यायाधीशहरूका विचारहरू पनि यो सामान्य मागर्दशनमा समेटिएको छ ।

१. यस अद्यावधिक मार्गर्दशनको निम्नलिखित लक्ष्य रहेको छः

क) लैङ्गिक समानता र अविभेद सम्बन्धी सिद्धान्तहरू बुझ्न र लागु गर्न तथा महिलाको न्यायमा पहुँच सुनिश्चित गर्ने उद्देश्यले हानीकारक लैङ्गिक भेदभावपूर्ण व्यवहारहरूको पहिचान गर्न र त्यसको न्युनिकरण गर्नको लागि न्यायाधीशहरूलाई सहयोग उपलब्ध गराउने;

ख) समान र/वा भिन्न व्यवहारले महिला विरुद्ध भेदभाव निम्त्याउने अवस्थाको पहिचान गर्न अदालतका अधिकृत, प्रहरी अधिकृत, अभियोजनकर्ता, मेलमिलापकर्ता, मध्यस्थकर्ता, सहजकर्ता, कानुन व्यवसायी (वकिल), सामाजिक कार्यकर्ता, चिकित्साकर्मी र नागरिक समाजका प्रतिनिधिहरू लगायतका न्याय क्षेत्रसँग सम्बन्धित पेशाकर्मीहरूलाई सहयोग प्रदान गर्ने; र

ग) निष्पक्ष र लैङ्गिक रुपमा संवेदनशील अदालती कार्यविधि, मेलमिलाप प्रक्रिया, फैसला विधि र फैसलाको कार्यान्वयनमा महिलाहरूको समान पहुँचको हक प्रत्याभूत गर्ने न्याय प्रणालीको उद्देश्य कार्यान्वयनमा योगदान पुऱ्याउने ।

२. यो मार्गदर्शन कुनै एक तह वा विशेषज्ञता क्षेत्रमा मात्र लागू नभई सबै तहका न्यायाधीशहरु र न्यायिक क्षेत्रका व्यक्तिलाई तालिम प्रदान गर्ने संस्था /प्रतिष्ठानहरूतर्फ समेत लक्षित रहेको छ ।

३. यस मार्गदर्शनलाई पारिवारिक कानुन, घरेलु हिंसा र/वा फौजदारी कानुनसँग सम्बन्धित मुद्दाहरूमा मात्र सीमित नराखि, रोजगारी, सम्पत्ति, उत्तराधिकार वा कार्यविधी सम्बन्धी विषय लगायत कानुनका सबै क्षेत्रमा यो मार्गदर्शन लागु गरिनु पर्दछ ।

४. राज्यले नागरिकलाई लिङ्ग, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति वा लैङ्गिक विशेषताहरूको आधारमा पर्याप्त संरक्षण प्रदान गर्न असफल हुनु नै भेदभाव र असमानताको प्रमुख कारण हो । सबै प्रकारका लैङ्गिक पहिचान भएका मानिसहरुको भोगाइ तथा चुनौतीहरु फरक फरक हुने कुरालाई मनन गर्दै यस मार्गदर्शनले जैविक रुपमा महिला (Cisgender women) ले सामना गर्नु परेका चुनौतीहरुलाई नै मुख्य रुपमा जोड दिन्छ ।

५. लैङ्गिकतामा आधारित भेदभाव अन्त्य गर्नमा न्यायपालिकाका सदस्यहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । आफ्ना निर्णयहरूमार्फत न्यायाधीशहरूले लैङ्गिकतामा आधारित पूर्वाग्रहपूर्ण

व्यवहारलाई पुनःजोड दिने संस्कार वा प्रथाहरूलाई रुपान्तरण गर्न; प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव निवारण गर्न व्याख्याको मापदण्ड स्थापित गर्न; न्याय प्रशासन प्रणालीभित्र महिलाको निष्ठा र समानताका लागि सम्मान प्रस्तुत गरी कायम राख्ने विधिहरू निर्धारण गर्न; समानता र महिला विरुद्ध अविभेद सम्बन्धी सर्वव्यापी सिद्धान्तहरू अनुरुप कानुनहरूको कार्यान्वयनका लागि नियमहरू स्थापित गर्न तथा लैङ्गिकतामा आधारित हिंसा पीडितहरुलाई उपयुक्त मनोसामाजिक परामर्श दिनको लागि सेवा प्रदायकहरुले आफ्नो सेवा विस्तार गर्न सक्दछन् ।

६. बहुलकानुनी प्रणालीमा कार्यरत न्यायाधीशहरूको एक खास जिम्मेवारी के हुन्छ भने त्यस्ता प्रणालीहरूले लैङ्गिक भेदभावपूर्ण सामाजिक मुल्य मान्यताहरू र हानिकारक लैङ्गिक पूर्वाग्रहपूर्ण सोचको कारणले महिलाको न्यायमा पहुँचमा हुने बाधालाई रोक्नु पर्दछ । संस्कृति, प्रथागत प्रचलन, धर्म, परम्परागत मान्यता र व्यवहारहरु महिलाको मानव अधिकारको उल्लङ्घनको लागि प्रयोग नगरिने वा समानता र अविभेदको सिद्धान्तको आधारमा कानुनको अगाडी समानता वा कानुनको समान संरक्षणको हक उल्लङ्घन गर्ने कुराको पुष्टयाई गर्ने आधारको रुपमा प्रयोग नगरिने कुराको सुनिश्चतता गरिनु पर्दछ । न्यायाधीशहरूले त्यस्ता धार्मिक ग्रन्थहरू र परम्परागत मान्यताहरूको व्याख्याहरूबाट सतर्क रहनु पर्दछ, जसले सबै व्यक्तिहरूको लिङ्ग, लैङ्गिकता, लैङ्गिक पहिचान, लैङ्गिक अभिमुखिकरण वा यौनिक विशेषताहरूका आधारमा न्यायको पहुँचमा बाधाहरू सिर्जना गर्दछन् ।

७. न्यायाधीशहरूले आफ्ना निर्णयहरु मार्फत र विधायकहरूसँग कार्य गर्दा कानुनमा भएका रिक्तताहरु पहिचान गर्न तथा समानता र अविभेदको सिद्धान्तको आधारमा नयाँ उपयुक्त कानुन तर्जुमा गर्न सहयोग गर्न सक्दछन् । लैङ्गिक भेदभावपूर्ण अभ्यास / व्यवहारहरु कायम रहेका सार्वजनिक र निजी दुवै क्षेत्रमा लैङ्गिकतामा आधारित भेदभाव उन्मूलन गर्न र लैङ्गिक समानतालाई अगाडि बढाउनका लागि मुख्यतया कानून र नियमको निर्माण गर्न, नीतिको कार्यान्वयन र भेदभावपूर्ण प्रचलनहरू परिवर्तन गरी असल अभ्यास कायम राख्ने दायित्व पूरा गर्न न्यायाधीशहरुले राज्यलाई सुझाव दिनु पर्छ ।

## आधारभूत अवधारणाहरू

८. यस मार्गदर्शनको प्रयोजनका लागि देहायका शब्दावलीहरूलाई निम्नानुसार परिभाषित गरिएको छः

क) "**लिङ्ग**" ले कुनै व्यक्तिको शारीरिक र जैविक अवस्थालाई जनाउँछ, जसमा यौवन अवस्थाको कारण उत्पन्न हुने जनेन्द्रिय र अन्य प्रजनन अङ्गहरु, क्रोमोजोम, हार्मोन वा अन्य शारीरिक अवस्थाहरू समेत पर्दछन् ।

ख) "**लैङ्गिकता**" भन्ने शब्दले कुनै व्यक्तिको जैविक लिङ्गका आधारमा निर्धारण गरिएको सामाजिक वा साँस्कृतिक भिन्नताहरूलाई जनाउँछ । सामाजिक वा साँस्कृतिक रुपमा निर्धारण गरिएको "**लैङ्गिक भूमिका**" ले कुनै एउटा लिङ्गका व्यक्तिहरुसँग जोडिने अपेक्षा, जिम्मेवारी र अवसरहरूलाई निर्धारण गर्छ र शक्तिको पदक्रम र भेदभाव समेत निम्त्याउन सक्छ ।

ग) **औपचारिक** वा **कानुनी समानता**का लागि पुरुष र महिलाहरूलाई समान रुपले व्यवहार गरिनुपर्छ र समान हैसियतमा भएको अवस्थामा अवसरमा समानता प्रत्याभूत गरिनुपर्छ भन्ने जनाउँछ । अवसरमा समानताको अर्थ सबैले प्रारम्भ देखिनै समान अवसरहरू प्राप्त गर्नुपर्छ, जसले गर्दा उनीहरूले आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक जीवनका हरेक क्षेत्रमा समान हैसियतमा सहभागी हुन र आफ्ना क्षमताहरूलाई उपभोग गर्न सक्छन् । औपचारिक समानताले लिङ् वा लैङ्गिक भिन्नताका वावजुद पनि सबै व्यक्तिहरुका लागि कानुन समान रुपमा लागु हुन पर्दछ भन्ने मान्यता राख्दछ । यद्यपी, अवसरमा समानता सम्बन्धी व्यवस्था कानुनमा गरिदैमा प्रणालीगत रुपमा (systemic) र/वा विगतदेखि गरिदै आएको भेदभावका कारण परिणाममा समानता आउने सुनिश्चितता हुदैन भन्ने कुरालाई मनन गर्नु पर्दछ ।

घ) **सारभूत** वा **व्यवहारिक समानता**मा महिलाहरूका लागि "परिणाममा समानता" सुनिश्चित गर्ने कार्य पर्छ, जसको अर्थ समानतातर्फको कदमले लैङ्गिक सम्बन्धहरूमा अविभेदकारी ठोस परिणाम वा सकारात्मक दीर्घकालीन परिवर्तनहरू ल्याउनु पर्छ । व्यवहारमा समानता (सारभूत समानता) सुनिश्चित गर्न राज्यका सबै निकायहरूले महिलाहरूलाई "कसरी" र "किन" फरक रूपमा व्यवहार गरिन्छ भनेर हेर्ने र जैविक तथा केही निश्चित धार्मिक विश्वासहरूको आधारमा अभ्यास गरिदै आएका व्यवहारहरु लगायत सामाजिक र साँस्कृतिक रूपमा निर्मित भिन्नताहरूलाई ध्यानमा राखेर नीति/कार्यक्रमहरूको निर्माण गर्ने गरी सुधारात्मक दृष्टिकोण अपनाउनुपर्छ ।

ङ) **विशेष उपाय (Special Measures)** हरू लैङ्गिक असमानतालाई कम गर्ने र परिणाममा समानता सुनिश्चित गर्ने उपयुक्त वातावरण सिर्जना गर्नका लागि राखिएका सकारात्मक उपायहरू हुन् । यी उपायहरू सामान्यतया अस्थायी प्रकृतिका हुन्छन्; तिनीहरूको आवधिक रूपमा समीक्षा गरिनुपर्छ र समान अवसर एवम् व्यवहारमा समानताको उद्देश्यहरू प्राप्त भएपछि यसलाई बन्द गरिनुपर्छ। यद्यपि, केहि अवस्थाहरू जहाँ अन्तर्निहित जैविक भिन्नताहरूको कारणले असमान व्यवहारको परिणाम दिन्छ, त्यस्ता भिन्नताहरूलाई सम्बोधन गर्न असमान उपचार आवश्यक हुन्छ भन्ने कुरालाई ध्यान दिनु पर्छ । यी उपायहरू कम्तिमा पनि वैज्ञानिक र प्राविधिक ज्ञानको कारणले अन्यथा भएको अवस्थामा बाहेक स्थायी प्रकृतिका हुन्छन् ।

च) **निषेधित भेदभाव** भन्नाले जाति, रङ्ग, भाषा, धर्म, आस्था, रोजगारी, राजनीतिक वा अन्य विचार, जातीय, राष्ट्रियता, सामाजिक उत्पत्ति, आर्थिक र सामाजिक अवस्था, बसोबासको स्थान, बसाइँसराइको स्थिति, सम्पत्ति, जन्म वा वंश, विशेष गरी जाति र वंशानुगत स्थिति, अपाङ्गता, उमेर, स्थान, क्षेत्र, शिक्षा, आदिवासी वा अन्य हैसियत, कुनै एक विशेष सामाजिक समूहको सदस्य भएको आधारमा, वैवाहिक र पारिवारिक स्थिति, गर्भावस्था, स्वास्थ्य स्थिति — एचआईभी संक्रमण र लागूऔषधमा निर्भरता लगायत लिङ्ग, लैङ्गिकता, यौन झुकाव, लैङ्गिक पहिचान, लैङ्गिक अभिमुखिकरण, यौनिक विशेषताहरू वा अन्य संरक्षित विशेषताहरू / अवस्था जस्ता कुनै पनि आधारमा कुनै पनि व्यक्तिको मानव अधिकारको मान्यता, उपभोग वा अभ्यासलाई रद्द गर्ने वा त्यसमा आधात पार्ने उद्देश्यले जानाजानी वा अनजानमा, कानून वा व्यवहारमा, सार्वजनिक र निजी जीवनका कुनै पनि क्षेत्रहरु कुनै किसिमको भेदभाव, बहिष्करण, सीमा वा प्रतिबन्धको माध्यमबाट विभिन्न वर्गका मानिसहरूलाई गरिने अन्यायपूर्ण वा पूर्वाग्रहपूर्ण व्यवहार जनाउँदछ ।

यद्यपि, भेदभाव कुनै उद्देश्यको लागि र व्यवहारमा आवश्यक फरकपनको लागि गरिएको हुन सक्छ, जसले वैध उद्देश्य पूरा गर्न सक्छ र अधिकारको उपभोगमा प्रतिकूल असर पार्न वा प्रतिबन्धित गर्दैन भने त्यसले निषेधित भेदभाव कायम गर्दैन ।

भेदभाव निम्न हुन सक्छः

अ. **प्रत्यक्ष**, सारभुत वा कार्यविधी कानुनले स्पष्टतः फरक व्यवहारलाई आधिकारिकता प्रदान गरेको छ, र त्यसले कुनै एउटा खास समूहको मानव अधिकारको उपभोग माथि नकारात्मक प्रभाव पार्दछ; वा

आ. **अप्रत्यक्ष**, ऐन वा कानुन हेर्दा तटस्थ देखिन्छ तर त्यसको परिणामले कुनै एक वा बढी समूहहरूका व्यक्तिको अधिकारको उपभोगमाथि नकारात्मक प्रभाव पार्दछ । कुनै कानुनले कुनै समूहका व्यक्तिको मानव अधिकारलाई पहिचान गर्न वा मान्यता दिन वा संरक्षण गर्न असफल हुन्छ भने यस्तो अवस्थालाई अप्रत्यक्ष भेदभाव भनिन्छ ।

ई. **अन्तरवर्गीय / अन्तर्समूहगत विभेद**, तब हुन्छ जब दुई वा धेरै आधारहरू एकैसाथ काम गर्छन् र एक अविभाज्य रूपमा अन्तरक्रिया गर्दछ, जसको परिणामस्वरुप फरक र विशिष्ट प्रकृतिको भेदभावको अवस्थाको सृजना गर्दछ ।

छ) **पूर्वाग्रही** (Stereotyping) **व्यवहार,** कुनै खास समूहका सदस्यहरूले निर्वाह गर्नुपर्ने भूमिका वा उनीहरूमा हुने गुणहरूका बारेमा एउटा सामान्यकृत धारणा वा गलत धारणा बनाउनु हो । पूर्वाग्रही सोच / व्यवहारले कुनै खास व्यक्तिको परिस्थिति, क्षमता, आवश्यकता तथा मागहरूलाई उपेक्षा गर्दछ ।

**लैङ्गिक पूर्वाग्रह,** पुरुष र महिलाहरूको विशेषताहरूका सम्बन्धमा गरिने सामान्यीकरणका खास उपसमूहहरू हुन् । यो पुरुष वा महिलाहरू कस्तो हुन्छन् भन्ने बारेमा धारणा वा सोचाईका आधारमा व्याख्यात्मक हुनसक्छ वा सँस्कृती, धर्म वा सामाजिक मूल्य मान्यताका आधारमा उनीहरू कस्तो हुनुपर्छ भन्ने आस्थामा आधारित निर्देशात्मक हुनसक्छ । यी लैङ्गिक पूर्वाग्रहपूर्ण सोच / व्यवहार सामाजले निर्धारण गरेको हुन्छ, जसले प्रायः कुनै एक लिङ्गको व्यक्तिले विभिन्न परिस्थितिमा कसरी व्यवहार गर्छन वा गर्नुपर्छ भन्ने सामान्य आंकलन गर्ने आधारको काम गर्छ ।

**अचेतन/अन्तर्निहित लैङ्गिक पूर्वाग्रह**लाई परम्परा, मूल्य मान्यता, संस्कृति र/वा अनुभवबाट लिङ्गको सम्बन्धमा अनजान र स्वस्फुर्त रुपमा उत्पन्न हुने मानसिक अवस्थाको रुपमा परिभाषित गरिएको छ । लिंङ्ग र लैङ्गिक पूर्वाग्रहपूर्ण सोचको आधारमा कुनै पनि व्यक्तिको तत्काल मूल्याङ्कन गर्दै ती सोचहरुको आधारमा निर्णय गर्दछन्, अचेतन पूर्वाग्रह कहाँबाट र कसरी आयो भन्ने सम्बन्धमा त्यस्तो सोच राख्ने व्यक्तिलाई थाहा नहुन सक्छ । कतिपय मानिसहरूले चेतनापूर्वक समानतामा विश्वास गर्दछ र साथ साथै अनजानमा पूर्वाग्रहपूर्ण तरिकाले काम गर्दछ।

ज) **उत्पीडन** भन्नाले मौखिक वा शारीरिक वा अनलाइन कुनै पनि माध्यमबाट गरिएको अनुचित र अनिच्छित आचरण/ व्यवहार हो, जुन अपराध हो भन्ने मानिन्छ वा जसले अर्को व्यक्तिलाई आफुलाई धम्की दिएको वा अपमान भएको अनुभुति गराउँदछ । शब्द, इशारा वा कुनै क्रियाको माध्यमबाट कुनै व्यक्तिलाई रिस उठाउने, चेतावनी दिने, दुर्व्यवहार गर्ने, डराउने / धम्क्याउने, बेइज्जत गर्ने, अपमान गर्ने जस्ता कार्य गर्ने वा डरपूर्ण, शत्रुतापूर्ण, आपत्तिजनक वा अन्य हानिकारक वातावरण निर्माण गर्ने कार्य उत्पीडन अन्तर्गत पर्दछ।

**यौन उत्पीडन,** कुनै पनि यौन प्रकृतिको अप्रिय आचरण हो, जुन अपमान वा अपराधको कारण हुन सक्ने प्रशस्त आधारहरु हुन्छन् वा जब यस्तो आचरणले काममा जोडिन पुग्छ यसले काममा डरपूर्ण, शत्रुतापूर्ण वा आपत्तिजनक वातावरण सिर्जना गर्दछ । कार्यस्थलमा वा कामको सम्बन्धमा यौन उत्पीडन हुन सक्छ । सामान्यतया यस्ता आचरणको कुनै ढाँचा पनि हुन सक्छ तर एउटै घटनाको रूपमा पनि हुन सक्छ । अपेक्षा वा धारणाको औचित्य मूल्याङ्कन गर्दा आचरणको लक्षित व्यक्तिको दृष्टिकोणलाई विचार गरिनेछ।

झ) लैङ्गिक दृष्टिकोण लागू गर्ने सम्बन्धमा व्यक्तिका अवसरहरू, सामाजिक भूमिकाहरू र अन्तरक्रियाहरूमा उसलाई लैङ्गिकताले कसरी प्रभाव परेको छ, सोलाई हेर्न आवश्यक छ । यसले विशेषगरी कुनै पनि व्यक्तिको अवस्था र शक्तिमा लिङ्गमा आधारित भिन्नताहरूमा केन्द्रित रहन्छ, र यस्तो भिन्नताले तत्कालीन आवश्यकताहरूका साथै दीर्घकालीन चासोहरूलाई कसरी

सम्बोधन गर्दछ भनेर विचार गर्दछ । लैङ्गिक दृष्टिकोण अवलम्वन गर्नु भनेको राजनीतिक, आर्थिक र सामाजिक लगायत सबै क्षेत्रमा नीति र कार्यक्रमहरूको निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको अभिन्न अङ्गको रूपमा लैङ्गिक सरोकार र अनुभवहरूलाई ध्यानमा राख्दै सबै व्यक्तिहरूलाई समान रूपमा व्यवहार गरिने र असमानता नहुने कुरा सुनिश्चित गरिनु पर्दछ ।

९. समानता, कानुनको समान संरक्षण र अविभेद अन्तर्राष्ट्रिय कानुनहरूको आधारभूत सिद्धान्तहरू हो र कानुनको शासन र न्यायिक सुनिश्चितता प्रायः जसो सबै राष्ट्रिय कानुन प्रणालीमा सुनिश्चित गरिएको हुन्छ। कुनै एउटा लिङ्गको अधीनता वा प्रधानताको धारणामा वा लैङ्गिक रुढिवाद/पूर्वाग्रहमा स्थापित नियमहरूमा आधारित प्रतिकूल व्यवहारलाई यी सिद्धान्तहरूले प्रतिबन्धित गर्छन् । समानता प्रत्याभूत गर्दा औपचारिक वा सारभूत दुवै समानता प्रत्याभूत गर्नु पर्दछ ।

१०. लैङ्गिक दृष्टिकोण लागु गर्नाले न्यायाधीशहरू र न्याय क्षेत्रका अन्य व्यक्तिहरुलाई देहाय अनुसारका कार्यमा सहयोग पुग्नेछः

क) महिलासँग सम्बन्धित अपेक्षा, जिम्मेवारी र अवसरहरूलाई निर्धारण गर्ने लैङ्गिक मान्यताहरूका बारेमा सचेत हुन;

ख) कानुन, कानुनी व्यवस्था तथा कानुनी अभ्यासहरूमा लिङ्ग वा लैङ्गिकताका आधारमा हुने फरक व्यवहारका कारण तथा स्रोतहरूको पहिचान गर्न;

ग) फरक व्यवहारले समान संरक्षणलाई कायम राख्छ वा राख्दैन र अवसर तथा परिणाममा समानतालाई प्रसय दिन्छ वा दिंदैन वा त्यो भेदभावपूर्ण छ वा छैन भन्ने कुराको निर्धारण गर्न;

घ) लिङ्ग र/वा लैङ्गिकतामा आधारित वर्गीकरणले निम्त्याउने परिणामहरू जस्तैः अधिकारको उल्लङ्घन्, असमान शक्ति सम्बन्ध र अधिकार तथा अवसरहरूमा भिन्नता आदिको पहिचान र सार्वजनिक गर्न; र

ङ) न्यायाधीश/ मेलमिलापकर्ता/ मध्यस्थकर्ताहरूले लैङ्गिक समानता, समान संरक्षण र अविभेद सुनिश्चित गर्न अदालती प्रक्रिया/ मेलमिलाप/ मध्यस्थताको सञ्चालनमा र निर्णय गर्दा / मेलमिलाप / मध्यस्थता गर्ने क्रममा तथ्य र प्रमाणहरूको मुल्याङ्कन गर्दा अवलम्वन गर्न सक्ने पुनर्स्थापकीय न्यायका सिद्धान्त तथा विधिहरू लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनका सिद्धान्त र विधिहरूको पहिचान गर्न; र

च) लैङ्गिक दृष्टिकोणका साथ न्याय निसाफ गर्दा लिङ्ग वा लैङ्गिकताका आधारमा अधिकारहरूलाई मान्यता प्रदान नगरिने जोखिममा रहेका व्यक्तिहरूका लागि न्याय निरुपण गर्दा समान अवसर, समान पहुँच समान परिणाम सम्भव बनाउँछ ।

## न्यायिक निर्णय प्रक्रियामा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्दा अपनाउनु पर्ने सामान्य मार्गदर्शनहरू:

११. मुद्दाहरूको सुनुवाई र फैसलाका क्रममा न्यायाधीशहरू तटस्थ रहेको सुनिश्चित गर्नु पर्ने, प्रभावितहरुको समानता र विभेद विरुद्धको अधिकार सुनिश्चित गर्नु पर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा संरक्षित गरिएको आरोपित / प्रतिवादीको अधिकारको सुनिश्चित गर्ने लगायतका दायित्वहरु न्यायाधीश उपर रहेको हुन्छ।

१२. असमान लैङ्गिक सम्बन्ध र मुल्यमान्यताहरू सामाजिक रुपमा निर्मित हुन्छन र प्रायः त्यसलाई कानुन र नीतिमा समावेश गरिएको हुन्छ साथै त्यस्ता सामाजिक रुपमा निर्मित लैङ्गिक मापदण्डहरुलाई अनुचित रुपमा संहितावद्ध र सामान्यिकरण गरिएको हुन्छ। त्यस्ता कानुन र नीतिहरुको बारेमा सचेत रहने र त्यसले असमान लैङ्गिक सम्बन्धलाई थप सुदृढीकरण नगर्ने कुराको सुनिश्चितता गर्ने दायित्व न्यायाधीशहरु उपर रहेको हुन्छ।

१३. न्यायाधीशहरूले हरेक मुद्दाका तथ्यहरू र ती तथ्यहरूसँग सम्बन्धित परिवेशमाथि सावधानीपूर्वक ध्यान दिई त्यसमा सम्बद्ध हुने कुनै एक व्यक्ति असमान शक्ति सम्बन्धमा रहेको छ, छैन वा कुनै व्यक्ति लिङ्ग वा लैङ्गिकताका कारण असमान व्यवहार, असमान कानुनी संरक्षण वा भेदभावबाट नकारात्मक रुपले प्रभावित भएको छ, छैन भनेर विचार गर्नुपर्छ । भेदभावका विभिन्न आधारहरू मध्ये लिङ्ग वा लैङ्गिकता एउटा आधार भएको अवस्थामा समेत यो पक्षलाई ध्यान दिनुपर्छ । मुद्दाको सुनुवाई र फैसलाका क्रममा त्यस्ता कुनै असमानताहरूप्रति न्यायाधीशहरू ज्यादै सचेत हुनुपर्छ ।

१४. न्यायाधीशहरू जाति, वर्ण, भाषा, धर्म, आस्था, जात, रोजगारी, राजनीतिक वा अन्य विचार, जातियता, राष्ट्रियता, सामाजिक उत्पत्ति, आर्थिक वा सामाजिक अवस्था, बसोबास गर्ने स्थान, सम्पत्ति, जन्म वा वंशज, विशेष गरी जातको आधारमा, अपाङ्गता, उमेर, स्थान, क्षेत्र, आदिवासी र अल्पसङ्ख्यक वा अन्य हैसियत, कुनै एक सामाजिक समूहको सदस्यता लिएको आधारमा, वैवाहिक वा पारिवारिक अवस्था, गर्भावस्था, एच.आइ.भी वा औषधीमा निर्भर रहनु पर्ने स्थिती लगायतका स्वास्थ्य अवस्था, लिङ्ग, लैङ्गिकता, यौन झुकाव, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति (जेन्डर एक्सप्रेसन), लैङ्गिक विशेषता वा अन्य संरक्षित विशेषता / अवस्था चाहे त्यो मनसायपूर्वक वा मनसाय रहित गरिएको होस, कानुन वा व्यवहारमा गरिएको होस, सार्वजनिक वा निजी जीवनमा गरिएको होस, जसको परिणाम वा उद्देश्य अधिकारहरुको मान्यता, उपभोग वा प्रयोगलाई रद्द गर्ने वा त्यसमा आघात पार्ने रहेको हुने लगायतका अन्य अवस्थामा आधारित परस्पर रुपमा अन्तरसम्बन्धित प्रकृतिका भेदभाव र बहिष्करणप्रति

सचेत हुनुपर्छ । परस्पर रुपमा अन्तरवर्गिय भेदभाव वा बहिष्करण संलग्न रहेको मुद्दाहरूलाई विशेषगरी उपचारात्मक उपायहरुको व्यवस्था गर्ने प्रयोजनका सम्बन्धमा सावधानीपूर्वक समीक्षा गरिनुपर्छ ।

१५. मुद्दाहरुको सुनुवाई तथा फैसला गर्दा अचेत, निहित वा विपरित (रिभर्स) रुपमा आउन सक्ने सम्भावित पूर्वाग्रहहरु, जसलाई न्यायाधीश स्वयंले संरक्षण प्रदान गरेको पनि हुन सक्छ र न्यायाधीशहरु त्यस्ता लैङ्गिक पूर्वाग्रहलाई इन्कार गर्ने कुरामा बढी सचेत हुनु पर्दछ।

न्यायाधीशहरूले इन्कार गर्न सचेत रहुन पर्ने केही प्रचलित रुढिवादी/ पूर्वाग्रहपूर्ण सोचहरू निम्नलिखित रहेका छन्:

सामान्यतया

- महिलाहरू शारीरिक रुपले कमजोर हुन्छन्;
- महिलाहरू आफ्नो निर्णय आफै लिन सक्षम हुदैनन्;
- महिलाहरू भावनात्मक हुन्छन् र वस्तुगत रुपमा प्रमाण पेश गर्न सक्दैनन्, त्यसैकारण महिला साक्षी वा मौखिक बयान विश्वासयोग्य हुँदैन;
- महिलाहरू विनम्र र आज्ञाकारी हुनुपर्छ ।

घर / परिवारमा प्रयोग हुने प्रचलित रुढिवादी/ पूर्वाग्रहपूर्ण सोचहरुः

- पुरुषलाई घरको मूली मानिन्छ;
- लिङ्ग वा लैङ्गिक पूर्वाग्रहको आधारमा बालिकाहरुले महिलाको भूमिका निर्वाह गर्नु पर्छ वा जिम्मेवारी लिनु पर्छ भन्ने कुरा सधै अपेक्षा गरिन्छ;
- महिलाले आफ्नोलागि अर्थ सम्बन्धी निर्णय गर्न सक्दैनन र करारीय सम्झौता गर्नको लागि परिवारका पुरुष सदस्यको सहायता आवश्यक हुन्छ;
- परिवारिक सम्पत्ति पुरुष तर्फको हाँगामा हस्तान्तरण हुन्छ;
- परिवारसँग सम्बन्धित सबै निर्णयहरु पुरुषले गर्नु पर्दछ;
- राज्यको जग्गा कुनै व्यक्तिलाई दिँदा पुरुषलाई दिनु पर्दछ;
- हरेक महिला आमा बन्न चाहन्छन्;
- छोराछोरीहरू, जेष्ठ नागरिक र अपाङ्गता भएका परिवारका सदस्यको जिम्मेवारी महिलाहरूले लिनु पर्दछ तर त्यस्ता सदस्यहरुसँग सम्बन्धित निर्णयहरु लिने कार्य पुरुषहरुले गर्दछन्;
- घरेलु हिंसा लगायत परिवारसँग सम्बन्धित विषय वा विवादहरु घर भित्र नै समाधान गरिनु पर्दछ;

- अनुशासन कायम राख्ने उपायको रुपमा छोरी वा पत्नीलाई मौखिक वा शारिरीक रुपमा दुर्व्यवहार गरिने कुरा आवश्यक हुन्छ वा स्विकार्य हुन्छ ।

यौनजन्य अपराध वा हिंसाको सम्बन्धमा प्रयोग हुने प्रचलित रुढिवादी/ पूर्वाग्रहपूर्ण सोचहरुः

- असल महिला यौनिक रुपमा पवित्र हुन्छन;
- राति एक्लै हिंडडुल गर्दा वा खास किसिमका लुगा वा पहिरन लगाउँदा हुने बलात्कार लगायतका अन्य यौनजन्य हिंसा लगायत मौखिक, शारिरीक, यौनजन्य हिंसाका लागि महिलाहरू नै जिम्मेवार हुन्छन्;
- यौनजन्य अपराध सम्बन्धी मुद्दाहरूमा "सहमति" को व्याख्या गर्दा महिलाहरु यौनिक रुपमा सक्रिय हुने हुनाले उनीहरुले दिएको साक्षी प्रमाण संदेहात्मक हुनसक्छ;
- पीडितसँग विवाह गर्ने कसुरदारको प्रस्ताव पीडित केटी/ महिलाले स्वीकार गर्नुपर्छ र त्यस्तो प्रस्ताव स्वीकार गरेमा अपराधीलाई सजायबाट पूर्णतयाः उन्मुक्ति दिइनेछ वा उसलाई हुन सक्ने सजाय भन्दा कम सजाय गरिनेछ ।

१६. न्यायाधीशहरुले यौनजन्य हिंसा वा घरेलु हिंसा लगायतका अन्य लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी मुद्दाहरुको सुनुवाई गर्दा पीडित-मैत्री (पीडित केन्द्रित) दृष्टिकोण अवलम्बन गर्नुपर्दछ । जस अन्तर्गत निम्न लिखित कुराहरु पर्दछन्:

- दुबै पक्षका वकिलहरुलाई लैङ्गिक पूर्वाग्रहपूर्ण धारणाहरु लागू गर्न रोक लगाउने वा उनीहरुलाई लैङ्गिक रुपमा संवेदनशिल हुन आव्हान गर्ने;
- लैङ्गिकतामा आधारित हिंसा प्रभावित बालबालिका र वयस्क, साक्षी वा आरोपितको फरक न्यायिक दृष्टिकोण अवलम्वन गर्ने;
- कुनै विशेष अवस्थाहरुमा पीडित वा प्रभावितहरुको अनुरोधमा अरुको सहभागिता वा उपस्थितीलाई इन्कार वा बाहेक गर्ने;
- घरेलु हिंसाबाट पीडितहरुले कानुनी सहायतामा पहुँच पाउनु पर्दछ र उनीहरुले कानुनी शुल्क मिनाह पाउनु पर्दछ;
- पीडित वा प्रभावितहरुले पुनः आधातको सामाना गर्न आवश्यक उपायहरु अवलम्वन गर्ने ।

यद्यपि, पीडित केन्द्रित दृष्टिकोणले कुनै पनि हिसावले कसुरदारको निष्पक्ष न्याय प्राप्त गर्ने हकलाई प्रभाव पार्न हुँदैन ।

१७. मातृत्व हेरचाह, प्रजनन अधिकार र लैङ्गिक वा अन्य प्रकारका लैङ्गिकतामा आधारित हिंसा लगायतका मुद्दाहरुमा पीडित / प्रभावित व्यक्तिका विशेष लैङ्गिक आवश्यकता र सरोकारहरुलाई न्यायाधीशले ध्यान दिनु पर्दछ ।

१८. कुनै खास मुद्दामा कुन कानुन प्रयोग गर्ने भन्ने निर्धारण गर्दा न्यायाधीशहरूले देहायअनुसारका कार्य गर्नुपर्दछः

क) सो कानुन पूर्वाग्रही वा कुनै लैङ्गिकता आधारित छ वा कुनै एक विशेष लिङ्गको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भेदभावकारी छ कि भनेर मुल्याङ्कन गर्ने;

ख) कानुनको कथित लैङ्गिक तटस्थता र त्यसको अवलम्बनको परिणाम, र सो कानुनले अप्रत्यक्ष भेदभाव र भेदभावपूर्ण प्रभाव पार्न सक्छ वा सक्दैन भन्नेबारेमा समेत मुल्याङ्कन गर्ने;

ग) सारभूत समानता, समान संरक्षण र अविभेदलाई अझ राम्रोसँग प्रत्याभूत गर्ने, सो कानुनको तर्कसंगत आशय र व्याख्या छ कि भनेर विचार गर्ने, र उपयुक्त भएको अवस्थामा त्यस्तो व्याख्यालाई अवलम्बन गर्ने;

घ) आफ्नो देश पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय सन्धिहरूको स्थानीय/ घरेलु कार्यान्वयनमाथि विचार गर्ने र कुनै त्यस्तो लागु योग्य सन्धिहरूको कार्यान्वयनयोग्य व्याख्यालाई अवलम्बन गर्ने;

ङ) विभिन्न देशका अदालतहरुका निर्णयहरुमा आधारित भई आफ्ना स्थानीय/ घरेलु कानुनमा भएका अस्पष्टता हटाउन वा रिक्तता पुरा गर्न लैङ्गिक रुपमा समान वा अविभेदकारी व्यवहार सम्बन्धी नयाँ विधिशास्त्रहरुको विकास गर्ने;

च) लैङ्गिक पूर्वाग्रहलाई इन्कार गर्न अनुसन्धान वा न्याय निरुपणका क्रममा मनोविज्ञान वा मनोचिकित्सा, विधि (फरेन्सिक) विज्ञान र समाजशास्त्र जस्ता अन्य विविध विषयहरूका उपाय तथा प्रविधिहरुको प्रयोग गरी पुरानो ज्ञानलाई प्रतिस्थापन गर्ने सम्बन्धी आन्तरिक दृष्टिकोण / नीति अवलम्बन गर्ने र लैङ्गिक पूर्वाग्रही सोच / व्यवहार र अन्य हानिकारक विश्वास वा अभ्यासहरुलाई र चुनौती दिने;

छ) यदि आफ्नो देश अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजको पक्ष छैन वा पक्ष राष्ट्र भएर पनि राष्ट्रिय कानुनमा ती दस्तावेजलाई पर्याप्त मात्रामा समावेश गरेको छैन भने न्यायाधीशहरूले घरेलु / स्थानीय कानुनमा रहेका अस्पष्टताहरूलाई समाधान गर्न र घरेलु/ स्थानीय कानुनमा रहेका रिक्तताहरू पूर्ति गर्न ती सन्धि र अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय कानुन र सन्धिहरूको सहयोग लिनु पर्दछ। यी मापदण्डहरु न्यायाधीशहरुका लागि व्याख्यात्मक मार्गदर्शनका रुपमा वा आफ्नो घरेलु कानुनी व्यवस्थामा पाउन नसक्ने परिभाषाहरूको स्रोतका रुपमा पनि उपयोगी हुनसक्छन्; र

ज) जहाँ महिला विरुद्ध भेदभाव गर्ने कानूनलाई अमान्य घोषित गर्न सम्भव छैन, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मापदण्डहरू अन्तर्गतको देशको दायित्वहरू अनुरूप परिमार्जन

वा संशोधन गर्नको लागि न्यायाधीशहरूले त्यस्ता व्यवहारलाई सर्वसाधारणको जानकारीमा ल्याउन सक्छन् ।

१९. कुनै मुद्दाको योग्यता निर्धारण गर्दा वा कुनै मुद्दा न्यायिक पुनरावलोकनका लागि योग्य छ, छैन भनेर निर्णय गर्दा, न्यायाधीशहरूले निम्नलिखित कार्य गर्नुपर्छः

क) राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डहरू अनुरुप लागु गर्ने;

ख) जवाफदेहिता, समानता, सर्वव्यापिता, अविभाज्यता, अन्तरनिर्भरता, अन्तरसम्बद्धता र अविच्छेद्यतासम्बन्धी मानवअधिकारका सिद्धान्तहरू लागु गर्ने;

ग) लागु गरिएको कुनै पनि अन्तर्राष्ट्रिय मापदण्डको पहिचान गर्ने र त्यसको त्यसको कार्यान्वयनको लागि व्याख्या गर्ने;

घ) असमान शक्ति सम्बन्ध वा संरचनागत भेदभावको पहिचान गरी त्यसको उपस्थितिप्रति सचेत रहने, र तथ्यहरू वा कानुनी प्रक्रियामा देखिने कुनै रुढिवाद/ पूर्वाग्रही सोच वा लैङ्गिक पक्षपातको पहिचान गर्ने;

ङ) सम्बन्धित मुद्दामा कुनै खास कानुन किन लागु गरिएको छ भन्ने बारेमा वस्तुनिष्ठ व्याख्या गरिदिने;

च) कुनै खास मापदण्ड लागु गर्दा त्यसले अवैधानिक र भिन्न व्यवहार कसरी निम्त्याउँछ भन्ने बारेमा व्याख्या गर्ने;

छ) आफु समक्ष आएका परिस्थितलाई प्रभाव पार्न सक्ने वाह्य तत्वहरुलाई ध्यानमा राख्दै लैङ्गिक विश्लेषणलाई अर्थपूर्ण रुपमा समावेश गर्ने; र

ज) हिंसा प्रभावितहरु पुनःपीडित हुने कार्य हुन नदिने ।

२०. अन्तर्राष्ट्रिय कानुन अनुसार लैङ्गिकतामा आधारित भेदभावको परिणामस्वरुप लगायत मानवअधिकारको उल्लङ्घनबाट पीडित कुनै पनि व्यक्तिले आफुलाई पुग्न गएको क्षतिको प्रभावकारी उपचार र परिपूरण पाउने अधिकार राख्छ भन्ने कुरा स्मरण गरिनुपर्छ । परिपूरणका उपायहरू आवश्यक वा उपयुक्त भएको अवस्थामा न्यायाधीशहरूले देहायअनुसारका उपायहरू अवलम्बन गर्नुपर्छः

क) अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको सिद्धान्त र मापदण्ड अनुरुप रहेको;

ख) लैङ्गिक रुढिवाद वा पूर्वाग्रहबाट मुक्त रहेको;

ग) लिङ्ग वा लैङ्गिकताको आधारमा पीडितलाई पुग्न गएको क्षतिलाई प्रभावकारी रुपमा सम्बोधन गरेको; र

घ) असमान शक्ति-सम्बन्ध र संरचनागत भेदभावलाई सम्बोधन गर्ने प्रयासलाई योगदान पुगेको ।

२१. न्यायाधीशहरूले सम्भव भएसम्म अदालती प्रक्रिया, निर्णय प्रक्रिया, मेलमिलाप र अदालतका अन्य कार्यविधिहरूमा समावेशी वा लैङ्गिक रुपमा तटस्थ र लैङ्गिक रुपमा संवेदनशील भाषाको प्रयोग गर्नुपर्छ तथा प्रयोग गरिएको भाषाले त्यसमा संलग्न व्यक्तिहरुको मर्यादालाई संरक्षण गर्ने र मर्यादालाई कमजोर नबनाउने कुराको सुनिश्चितता गर्नु पर्दछ ।

२२. यौनजन्य हिंसा र लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी मुद्दाहरूको निर्णयहरू लेख्दा न्यायाधीशहरू विशेष रूपमा संवेदनशील हुनुपर्छ। न्यायपालिकाले पीडितहरूको गोप्यता र सुरक्षा लगायत उनीहरुको वैयक्तिक जानकारीहरु सुरक्षित राख्न आवश्यक सबै उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्दछ ।

२३. न्यायाधीशहरूले सम्भव भएसम्म अदालतको व्यवस्थापन / प्रशासनमा लैङ्गिक दृष्टिकोण अवलम्वन गर्नु पर्दछ। जस अन्तर्गत तल उल्लिखित लगायतका कदमहरु पर्दछन्:

क. मुद्दाहरुको सूचिकरण गर्दा लैङ्गिक रुपमा पूर्वाग्रही नभएको कुराको सुनिश्चितता न्यायाधीशहरुले गर्नुपर्दछ ।

ख. मुद्दाको प्राथमिकीकरण गर्दा न्यायाधीशहरु संवेदनशील हुनु पर्दछ । उदाहरणको लागि बालबालिका भएका महिलाहरुको मुद्दालाई विशेष प्राथमिकता दिनु पर्दछ।

ग. संवेदनशील मुद्दाहरुको सुनुवाईको लागि विशेष समय तोकिनु पर्दछ ।

## न्यायपालिकामा संस्थागत नीति निर्माणका लागि सिफारिसहरू:

२४. प्रत्येक देशका न्यायालयले न्यायाधीश र अदालतका कर्मचारीहरुका बीचमा यस बैंकक सामान्य मार्गदर्शनको सक्दो प्रचार-प्रसार गर्नुपर्दछ ।

२५. लैङ्गिक रुपमा संवेदनशील र लैंङ्गिक जवाफदेही न्याय प्रणालीको विकासको अर्थ मुद्दाहरूको निर्णय र मेलमिलापका नियमहरूमा मात्र नभई समग्र न्याय प्रशासनमा नै लैङ्गिकताका विविध पक्षहरूमाथि ध्यान दिनु हो । फैसलाको पूर्ण कार्यान्वयनको सुनिश्चितताको लागि मुद्दाको फैसला पश्चात पनि यो सिद्धान्त लागू हुनु पर्दछ।

२६. न्यायिक नियुक्तिहरू गर्ने सम्बन्धमा पनि लैङ्गिक समानता सम्बन्धी सिद्धान्तले मार्गनिर्देशन गर्नु पर्दछ । बेञ्चमा महिला र पुरुषको समान प्रतिनिधित्व हुनुपर्छ किनभने महिला न्यायाधीशहरुले निर्णय प्रक्रियामा विविध दृष्टिकोण, अवधारणा र जीवनका अनुभव ल्याउँछन्, जसले कानुनको व्याख्या र कानुनको कार्यान्वयनलाई प्रभावित पार्दछ । त्यसको लागि नियुक्ति र बढुवा प्रक्रियाका लागि जिम्मेवार व्यवस्थापकीय, प्रशासनिक र न्यायिक निकायहरूले लैङ्गिक समता हासिल गर्न द्रुत र प्रगतिमूलक तरिकाले अघि बढ्नुपर्छ ।

२७. महिला न्यायाधीशहरूलाई पारिवारिक कानुन वा यौन हिंसासँग सम्बन्धित मुद्दाहरूको मात्र जिम्मेवारी नदिई, उनीहरूको कानुनी विशेषज्ञता भएका कुनै पनि क्षेत्रको जिम्मेवारी दिइनुपर्छ । महिला न्यायाधीशहरूलाई योग्य बनाउँदै सबै तहको न्यायपालिकाका लागि स्वीकार गरिनुपर्छ ।

२८. न्यायपालिकामा महिलाहरूको उचित प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक भएमा कोटा जस्ता अस्थायी सकारात्मक उपायहरू अवलम्बन गरिनुपर्छ, तर त्यो निष्ठा र उच्च सक्षमताका आवश्यकताहरू पूरा गर्ने तरिकाले हुनुपर्छ । न्यायाधीशहरूको नियुक्ति र बढुवाका लागि मुल्याङ्कनका विधिहरू योग्यतामा आधारित हुनुपर्छ र न्यायिक नियुक्ति तथा बढुवामा महिलाहरूलाई असुविधाजनक अवस्थामा राख्न सक्ने नियम र परिस्थितिहरूलाई निवारण गर्न लैङ्गिक दृष्टिकोणलाई ध्यान दिनु पर्दछ ।

२९. न्यायाधीशहरूको नियुक्ति र बढुवा गर्ने मुल्याङ्कन समितिहरूमा पुरुष र महिला दुवै हुनुपर्छ । नियुक्ति वा बढुवाका लागि न्यायाधीशहरूको मुल्याङ्कन गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लैङ्गिक रुढिवाद/ पूर्वाग्रहपूर्ण सोच आधार बन्नु हुदैन । उम्मेद्वारहरूको मुल्याङ्कनको एउटा मापदण्ड उनीहरुको मानवअधिकार र लैङ्गिक समानता प्रतिको प्रतिबद्धता देखिनु पर्दछ ।

३०. समान कामको लागि सबै न्यायाधीश र न्याय क्षेत्रका अन्य पदाधिकारीहरूलाई समान पारिश्रमिकको हक हुनेछ ।

३१. न्यायाधीशहरुको मनोवल बढाउन वा सो पदचाप ग्रहण गर्न प्रोत्साहन गर्न कुनै पनि न्यायाधीशको लैङ्गिक समानता प्रतिको प्रतिवद्धतालाई मान्यता, समर्थन र प्रोत्साहन गर्नु पर्दछ ।

३२. न्यायपालिकाका प्रशासकिय र अन्य कर्मचारीहरुको नियुक्ति तथा बढुवाका लागि योग्यतामा आधारित मापदण्ड लगायत अन्य उपयुक्त मापदण्डका साथै लैङ्गिक समानता सम्बन्धी सिद्धान्त अवलम्वन गर्नु पर्दछ।

३३. न्यायाधीशहरूले कानुनी सहायता दिने निकाय, पारा लिगल सेवा प्रदायकको पहिचान गरी नियुक्त गरिदिनुपर्दछ ताकी सो सेवाको आवश्यकता हुने जोखिममा रहेका मुद्दाका पक्षले उक्त सेवा उपयोग गर्न सकून् ।

३४. न्यायाधीशहरूले संवेदनशील मुद्दाहरूको सुनुवाई गर्न र पीडितहरूलाई अदालतको कोठामा पुनः पीडा / पुनः आघात नहोस् भन्ने सुनिश्चित गर्ने अदालत व्यवस्थापन प्रणाली स्थापना गरेर आफ्नो अदालतलाई थप लैङ्गिक उत्तरदायी बनाउन कदमहरू चाल्न सक्छन् । महिलाका मुद्दाहरूको निरुपण गर्दा आफ्ना कर्मचारीहरूलाई सम्मानजनक र संवेदनशील बनाउन न्यायाधीशहरुले भूमिका खेल्न सक्दछन् ।

३५. न्यायाधीश र समग्रमा न्यायपालिकाका सबै कर्मचारीहरूलाई आफ्नो दैनिक कार्यमा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्न पर्याप्त रुपमा तालिम दिइनुपर्छ । न्यायिक तालिम प्रदान गर्ने संस्था / प्रतिष्ठानहरूले लैङ्गिक मूलप्रवाहीकरण र महिलाको मानवअधिकारसम्बन्धी विषयहरू तालिमको पाठ्यक्रममा समावेश गर्नुपर्छ । विशेष राष्ट्रिय र/वा स्थानीय आवश्यकता र चुनौतिहरूमा ध्यान दिंदै त्यस्ता तालिमहरूलाई सान्दर्भिक बनाउनु महत्त्वपूर्ण हुन्छ । सम्भव भएसम्म न्यायिक तालिम प्रतिष्ठानहरुले ती तालिमहरुमा प्रहरी, अभियोजनकर्ता र वकिललगायत सरोकारवालाहरूलाई संलग्न गराउनुपर्छ ।

३६. न्याय प्रणालीका सम्पूर्ण सरोकारवालाहरुले न्यायमा पहुँचमा रहेका सबै प्रकारका लैङ्गिक विभेद अन्त्य गर्न न्यायिक प्रक्रियामा हुने यौनशोषण (यौन लाभ वा फाइदा दिन शक्तिको दुरुपयोग) लगायतका भ्रष्टाचारलाई सम्बोधन गर्न प्रभावकारी उपायहरू लिनुपर्दछ। यस अन्तर्गत न्याय प्रणालीमा संलग्न सबै कर्मचारीहरूका विरुद्ध गुनासो, निवेदन वा टिप्पणीहरू सुन्ने विशेष संयन्त्रको निर्माण गर्ने लगायतका कार्यहरु पर्न सक्दछन् । यद्यपि, यी उपायहरूले सम्बन्धित अधिकारीसमक्ष उजुर गर्न चाहने यौनशोषणका पीडितहरूको न्यायमा पहुँच र प्रभावकारी उपचार प्राप्त गर्ने हकमा बाधा पुऱ्याउनु हुँदैन ।

३७. न्यायपालिकामा लैङ्गिक दृष्टिकोणलाई समावेशीकरण गर्न तथा संस्थागत रुपमा प्रवर्द्धन गर्नका साथै त्यसको कार्यान्वयनको अनुगमन गर्न न्यायपालिकामा लैङ्गिक कार्यालय वा एकाइ वा कार्यदल स्थापना गर्नु उचित हुने सुझाइन्छ ।

३८. अदालतमा पेश गरिएका मुद्दाहरूमध्ये महिलासँग सम्बन्धी मुद्दाहरूको लैङ्गिक विशिष्ठिकृत तथ्याङ्क सङ्कलन सबै अदालतहरुले आवधिक रुपमा अद्यावधिक गर्नुपर्छ।

३९. न्यायमा ठोस पहुँच सुनिश्चित गर्न लैङ्गिक-मैत्री प्रक्रिया अपनाउनुपर्छ । यसमा घरेलु/पारिवारिक हिंसाका मुद्दाहरूका लागि देहाय बमोजिमका व्यवस्था भएका विशेष अदालतहरूको स्थापना हुनुपर्छः

क. न्यायिक अधिकारीहरू, अभियोजनकर्ताहरू, वकिलहरू, पीडितका पक्षमा काम गर्ने व्यक्तिहरु, र समुदाय सुधार अधिकारीहरू लगायत विशेष न्यायिक कर्मचारीहरू हुनु पर्ने र त्यस्ता सबै नियुक्तिहरूमा लैङ्गिक समानता सुनिश्चित गर्नु पनि महत्त्वपूर्ण हुन्छ ।

ख. पारिवारिक हिंसाका मुद्दाहरूका लागि विशेष प्रक्रियाका साथै त्यस्ता अदालतमा त्यस्ता मुद्दाहरु हेर्ने निश्चित दिनहरु तोकिनु पर्दछ । तिनीहरुले पारिवारिक हिंसासँग सम्बन्धित मुद्दाहरुको सम्बन्ध हेर्न तथा ती मुद्दाहरुको अवस्था पत्ता लगाउन एकिकृत मुद्दा सूचना प्रणाली लगायत मुद्दा समन्वय संयन्त्रहरु निर्माण गरिनु पर्दछ ।

ग. पीडित र साक्षीहरूको लागि विशेष सुरक्षा र सहयोग सेवाहरू सुनिश्चित गरिनु पर्दछ ।

४०. आधारभूत भौतिक पूर्वाधार र उचित आवास व्यवस्थापन विना न्यायमा पहुँच सुनिश्चित हुन नसक्ने भएकोले लैङ्गिक मैत्री पूर्वाधार निर्माण गरिनुपर्छ । यस अन्तर्गत निम्न लिखत लगायतका कुराहरु समावेश हुनु पर्दछः

क. प्रतिक्षा गर्ने निर्धारित / निश्चित स्थान

ख. राम्ररी व्यवस्थापन गरिएको र स्वच्छ शौचालयहरु

ग. अदालत जानु पर्ने स्तनपान गराउने आमाहरुको लागि बाल हेरचाह कोठा

घ. न्यायाधीश, वकिल, अदालतका कर्मचारी, मुद्दाका पक्ष, साक्षी जुनसुकै क्षमतामा अदालत जानु पर्ने बालबालिका भएका महिलाहरूका लागि स्याहार सेवा (क्रेशहरू)

ङ. साक्षी सहायता कक्षहरू

च. सेनिटरी नैपकिन डिस्पेन्सर र इन्सिनरेटरहरू

४१. घरेलु हिंसाबाट पीडित, किशोरकिशोरी, वृद्ध, गर्भवती वा सुत्केरी महिला जस्ता विशेष परिस्थितिमा रहेका महिलालाई तत्काल आश्रय लगायत उपयुक्त आवासको व्यवस्थाका साथै चिकित्सा सेवा, सामाजिक सुरक्षा र अन्तरिम संरक्षणात्मक आदेशको व्यवस्था गरिनुपर्छ ।

४२. कुनै संकटको समयमा लामो समयसम्म अदालत बन्द हुँदा (जस्तैः प्राकृतिक प्रकोप राष्ट्रिय सुरक्षा वा जनस्वास्थ्य सम्बन्धी आपतकालीन अवस्था) न्यायपालिकाले घरेलु हिंसा लगायतका अत्यावश्यक र आवश्यक मुद्दाहरूको सुनुवाइको लागि प्रक्रियाहरु र संयन्त्र स्थापना गर्नुपर्छ ।

पूर्ण वा अर्ध-भौतिक/भर्चुअल सुनुवाई सविधा उपलब्ध गराउनुका साथै यस्तो प्रविधि प्रयोग गर्न पहुँच नभएका वा त्यसको प्रयोग सम्बन्धी ज्ञान नभएका गरिवीमा बस्ने पीडित र साक्षीहरूका लागि न्यायपालिकाले यी सुविधाहरू उपलब्ध गराउने माध्यम सुनिश्चित गर्नुपर्छ ।

यद्यपि, पहुँच, गोपनीयता, तथ्याङ्क सङ्कलन लगायतका सरोकारहरूलाई न्यायपालिकाले ध्यानमा राख्नुपर्छ। त्यसैले यी उपायहरूको नियमित रूपमा समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गरिनुपर्छ ।

४३. न्यायपालिकाले माथि उल्लेखित सामान्य मार्गदर्शनको कार्यान्वयन सुनिश्चित गर्न मुख्य सरोकारवाला निकायहरूसँग सक्रिय रुपमा सहकार्य गर्ने प्रयास गर्नुपर्छ ।